मंगलसेन नगर कार्यपालिकाको २०७७/०३/०९ गतेको बैठकबाट पारित

# मंगलसेन नगरपालिकाको आ.व.२०७७/०७८ को नीति तथा कार्यक्रम

**मंगलसेन नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**मंगलसेन, अछाम**

**सुदुरपश्चिम प्रदेश नेपाल**

## मंगलसेन नगरपालिकाको पाचौं नगरसभामा नगर प्रमुख श्री पदमबहादुर बोहराज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम

**उपस्थित,**

मंगलसेन नगरपालिका उप प्रमुख श्री सरिता उपाध्यायज्यू,

मंगलसेन नगरपालिकाका नि.प्र.प.अ. श्री खकेन्द्र बहादुर सोडारीज्यू,

बिषयगत समितिका संयोजकज्यूहरु, वडा अध्यक्षज्यूहरु,

नगरसभा सदस्यज्यूहरु, प्रत्यक्ष प्रसारण सुनिरहनु भएका स्थानीय राजनीतिक दल, कार्यालय प्रमुखज्यू, गै.स.स.का प्रमुख एवं प्रतिनिधिज्यूहरु, बुद्धिजिवी, समाजसेवी, शिक्षक, कर्मचारी, पत्रकार, सुरक्षाकर्मी, एवं सम्पूर्ण नगरवासी आमाबुवा, दाजुभाई तथा दिदिबहिनीहरु एवं सम्पूर्ण स्रोता महानुभावज्यूहरु ।

**सर्वप्रथम,**

यस महत्वपूर्ण घडीमा ईतिहासका विभिन्न कालखण्ड प्रजातान्त्रिक, गणतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात प्रात:स्मरणीय शहीदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु । साथै शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु । त्यस्तै नगरको विकासमा सधैं हातेमालो गर्नुहुने आदरणीय नगरवासीहरु प्रति नतमस्तक हुँदै सुसंस्कृत, सुन्दर र समृद्ध नगरको विकासमा यहाँहरुको सहयोग र समर्थनका लागि हार्दिक आग्रह गर्दछु ।

नगरका हामी निर्वाचित जनप्रतिनिधिहरुले यहाँहरु आम नगरवासीका भावना र चाहना तथा भरोसालाई उच्च सम्मान गर्दे मंगलसेन नगरपालिकालाई सुन्दर, स्वच्छ, समृद्ध र नमूना नगर बनाउने अभियानमा मन वचन कर्मले सधैं कटिवद्ध रहेको प्रण गर्दछु ।

**"आफ्नो जग्गा आफ्नो बारी, बाँझो नराखी बनाऔं हरियाली"**

**उपस्थित सभाका सदस्यहरु !**

१. कोभीड १९ का कारण देशमा गरिएको बन्दाबन्दीको समयमा भारत तथा अन्य मुलुकबाट यस नगरमा बनाईएका क्वारेन्टाईनमा १७१७ जना रहेको र सो मध्ये क्वारेन्टाईन बस्ने अवधि पुरा गरी १०११ जना फर्किसकेका छन् भने ७०६ जना हाल क्वारेन्टाईनमा नै बसिरहेका छन् । यस मध्ये ५२ जनामा पि.सी.आर. परिक्षण गरिएको र २ जनालाई संक्रमण देखिएको छ । त्यसैगरी ६५४ आर.डी.टी. परिक्षण गरिएकोमा ६८ जनामा आर.डि.टी. पोजिटीभ देखिएको छ र उनीहरुको पि.सि.आर. परीक्षणको लागि प्रयोगशालामा पठाइएको अवस्था छ । संक्रमितहरुलाई व्यवस्थापन गर्न ४० जनाको आईसोलेशन बेडको स्थापना गरिएको छ ।

२. कोभीड-१९ महामारीका कारण मानव जाती माथि शताब्दीकै सबैभन्दा ठूलो संकट उत्पन्न भएको छ । नगरस्तरमा यस महामारीविरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा तथा स्रोतसाधन तथा सुविधाहरु अपर्याप्त देखिएका छन् । यस महामारीबाट नगरपालिकामा केही दाजुभाई तथा दिदिबहिनीहरुमा संक्रमण देखिएकोले उहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस जोखिमपूर्ण परिस्थितीमा अग्रपङ्क्तिमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, सवारी चालक लगायत सम्पूर्ण राष्ट्रसेवकको म उच्च प्रशंसा गर्दछु । यस विषम परिस्थितीमा लकडाउनको कारण रोजगार गुमाएका, असंगठीत क्षेत्रमा काम गर्ने मजदुर वर्गलाई खाद्यान्न एवं जिन्सी सहयोग गर्नुहुने सबै व्यक्ति तथा संघ संस्थालाई धन्यवाद दिन चाहन्छु । यस जोखिमपूर्ण परिस्थितीमा भौतिक दुरी कायम गर्दै आफु सुरक्षित रहने र अरुलाई पनि सुरक्षित राख्न सबैमा हार्दिक अनुरोध गर्दछु ।

३.	अब म आर्थिक २०७६।०७७ को नीति तथा कार्यक्रम बमोजिम प्राप्त उपलब्धीलाई संक्षेपमा प्रस्तुत गर्न चाहन्छु । मंगलसेन न.पा. १३ बस्ती सडक खण्डको निर्माण कार्य सम्पन्न भई संचालनमा आएको । मंगलसेन नगरपालिकाको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न भई हस्तान्तरणको चरणमा रहेको । चित्रे दय रामारोशन पर्यटन मार्ग निर्माण कार्य अगाडी बढेको छ । पुरानो कारागार क्षेत्र रहेको स्थानमा कर्वडहल सहितको खेलमैदान निर्माणको कार्य सुचारु भईसकेको छ । अछाम बहुमुखी क्याम्पस र कैलाश बहुमुखी क्याम्पसको भवन निर्माणका कार्य अगाडी बढिसकेका छन् । सुरैकोट पर्यटकिय क्षेत्रमा पूर्वाधार निर्माण कार्य अगाडी बढेको छ । ३ वटा स्वास्थ्य चौकी र २ वडा वडा कार्यालय भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । नगरलाई उज्यालो नगर बनाउने अवधारणा अनुरुप सार्वजनिक स्थानमा सौर्य सडक बत्ती जडानको कार्य अगाडी बढाइएको छ । सामाजिक विकास तर्फ नगरपालिकाका भित्रका सम्पूर्ण छोउगोठहरु भत्काई नगरलाई छाउपडी गोठ मुक्त घोषणा गरिएको छ भने नगरका ९५.४ प्रतिशत जनतालाई साक्षर बनाई पूर्ण साक्षर नगर घोषणा कार्य गरिएको छ । नगरका सुत्केरी तथा गर्भवती महिलाहरुको मातृ सुरक्षाका लागि पूर्ण संस्थागत सुत्केरी गराउने व्यवस्था गरिएको छ । यस समयमा जटिल प्रकृतिका १५ जना सुत्केरीहरुलाई निःशुल्क एम्बुलेन्स सेवा मार्फत जिल्ला अस्पताल ल्याइएको छ । नगरका सम्पूर्ण बालबालिकाहरुले पाउनु पर्ने खोप पाईसकेको हुँदा नगर पूर्ण खोपयुक्त क्षेत्र भएको छ । कृषि तथा पशु सेवा अन्तर्गत १३ वटा साना सिचाई योजना निर्माण गरिएको छ । १३४ जना कृषकहरुले आकस्मिक बाली संरक्षण सेवा प्राप्त गरेका छन् । ३७ जना असिना पिडित कृषकहरुलाई राहत वितरण गरिएको । ४००० घरपरिवारहरु करेसावारी निर्माण गरिएको । ३ वटा आलु पकेट क्षेत्र निर्धारण गरी व्यवसायिक आलु खेती विस्तार गरिएको । अमेरीकन फौजी किरा व्यवस्थापन तथा नियन्त्रणको लागि स्थलगत अवलोकन गरी आवश्यक काम कारवाही अगाडी बढाइएको छ ।

३.	नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यप्रणाली स्थापना पछि नगरपालिकाका हामी निर्वाचित जनप्रतिनिधिहरुले आम नगरवासीका भावना र चाहना तथा भरोसालाई उच्च सम्मान गर्दै संघीय सरकारले अंगालेको **“सम्वृद्ध नेपाल, सुखी नेपाली”** भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै सम्वृद्धि हाँसिल गर्न सकिन्छ भन्ने मान्यतालाई मार्ग दर्शनका रुपमा ग्रहण गरिएको छ ।

३.	स्थानीय सरकार, नेपाली जनताको त्याग वलिदान र लामो संघर्षको उपलव्धी हो । वलिदानीपुर्ण संघर्षवाट प्राप्त र ऐतिहासिक संविधानसभावाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहको अधिकारहरुलाई अभ्यास गर्ने अभियान वढिरहेको छ । यस अवसरमा लोकतन्त्रीक गणतन्त्र प्राप्तीको लागी लामो संघर्ष एवं जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान दिनु हुने सम्पुर्ण ज्ञात, अज्ञात अमर शहिदहरुप्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै विभिन्न आन्दोलनका क्रममा घाइते वेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सवै अग्रजहरुप्रति आभार प्रकट गर्दछु ।

४.	कोभिड १९ को समस्याले गर्दा भारत तथा तेस्रो मुलुकबाट नगरवासीहरु आ- आफ्नो घर फिर्ता हुने क्रम जारी छ र यसले गर्दा रोजगारीमा निकै ठूलो चुनौतीको सिर्जना हुन गईरहेको छ । कोभीड १९ को थप संक्रमण फैलिन नदिन र यस महामारीमाथि विजय प्राप्त गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एकढिक्का भएर दृढताका साथ लाग्न म सबैमा आह्वान गर्दछु ।

५.	महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा सहयोग गर्नु हुने सङ्घ र प्रदेश सरकार एवं अहोरात्र खटिनु भएका जनप्रतिनिधि, राजनीतिक दल, नीजि तथा व्यवसायिक क्षेत्र, सञ्चारजगत र **“मंगलसेन नगरपालिकाको प्रकोप व्यवस्थापन कोष”**मा आर्थिक सहयोग उपलब्ध गराउने सबैलाई धन्यवाद दिन चाहन्छु ।

६. महामारी र बन्दाबन्दीबाट प्रभावित गरिब, असहाय तथा विपन्न परिवार, दैनीक कमाई गरी जीवनयापन गर्ने व्यक्ति तथा रोजगार गुमाएका व्यक्तिहरुलाई यस नगरपालिका मार्फत राहत उपलब्ध गराइएको छ ।

७. आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसर उपलब्ध गराई न्यायपूर्ण, समुन्नत, सभ्य र सुसंस्कृत समाज निर्माण गर्न मंगलसेन नगरपालिका प्रतिवद्ध छ ।

**उपस्थित महानुभावज्यूहरु,**

अब, म मंगलसेन नगरपालिकामा कोभिड १९ बाट परिरहेको प्रभाव एवम् विदेश तथा मित्र राष्ट्र भारतबाट रोजगार गुमाई फर्किनु भएका दाजुभाई तथा दिदीबहिनीहरु बेरोजगार समस्याका बिच पनि विकासका प्रमुख सम्भावना, अवसर, समस्या तथा चुनौतीहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु । आर्थिक बर्ष २०७६।०७७ को अन्तिम समयमा विकासको गतिले तिब्र रुप लिने बेलामा विश्व महामारीको रुपमा फैलिएको कोभिड १९ को संक्रमण रोकथाम तथा न्यूनीकरणको लागि नेपाल सरकारले २०७६ साल चैत्र ११ गते देखी देशभर बन्दाबन्दी लागु गरेको कारण विकास निर्माण कार्य तथा अन्य कार्यक्रम कार्यान्वयनमा अपेक्षाकृत बृद्धि हुन सकिरहेको छैन । नगरपालिकालाई कृषि, पर्यटन, उद्योग तथा पूर्वाधारको माध्यमबाट समृद्ध नगरपालिकाको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ । यस नगरपालिकाका राजनीतिक दलहरु लगायत सम्बन्धित सरोकारवालाहरुबाट यस बिषयमा विश्वास र प्रतिवद्धता समेत व्यक्त हुँदै आएको छ ।

नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को स्थानीय तहले बार्षिक नगर विकास योजना तर्जूमा गर्दा अवलम्वन गर्ने प्रक्रिया पुरा गरी आएका नगरवासीहरुका मागहरुलाई नगरपालिकाको स्रोत र साधनले भ्याए सम्म यथासम्भव समेट्ने प्रयत्नका लागि नगरपालिकामा कटिबद्ध भई माग सम्बोधन तर्फ लागि रहने प्रतिबद्ध रही रहने प्रयास गरेका छौं । नगरपालिका संचालनको चौथो बर्षमा प्रवेश गर्दागर्दै हामीले अनुभव गरेका अनेकौं समस्याहरुको अझै पनि निराकरण गर्न नसकिएको अवस्था रहेको छ । मदिरा व्यवस्थापन र कृषि तथा पशुजन्य बस्तुको विक्रि वितरणलाई व्यवस्थापन गर्नमा कठिनाई भैरहेको छ । नगरभित्र रहेका करदाताहरुको उपयुक्त पहिचान हुन नसक्दा कर छली गर्ने प्रवृत्ति बढेको छ ।

यद्यपी हामो स्थानीय सरकारले आम नगरवासीहरुको हित र सुविधाका लागि शहरी सुशासन, सामाजिक विकास एवं पूर्वाधार निर्माण तथा श्रोत परिचालन सम्बन्धमा केहि अनुभूतियोग्य कार्य गर्ने प्रयास गरिएको छ । नगरले आफ्नो दैनिक प्रशासनिक एवं विकास निर्माणका कार्यहरुलाई अझ थप चुस्त दुरुस्त बनाउन तथा सम्पादन गरिएका नियमित सेवा तथा विकास कार्यहरुमा नगरवासी प्रतिको जवाफदेहितामा बृद्धि गर्न सरोकारवालाहरुको जिज्ञासा, सुझाव र प्रतिक्रियाका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक समिक्षा गर्ने कार्यहरु संचालन गरिनेछ भने सञ्चालित योजनामा उपभोक्ता समितिको सरोकारवाला जनता प्रतिको जवाफदेहीतामा वृद्धि गर्न सामाजिक परीक्षणलाई अझै प्रभावकारी बनाईने छ । साथै नगर क्षेत्रमा संचालन गरिने कार्यक्रम तथा योजनाको प्रभावकारी रुपमा अनुगमन गरिने छ ।

यी समस्याहरुलाई चिर्दै आगामी आ.व. देखि समस्याहरुको सम्बोधन गर्ने गरी कार्य संचालन गर्नका लागि नेपालको संविधानको भाग ४ मा उल्लेखित राज्यका निर्देशित सिद्धान्त तथा नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली, अनुसूची ८ मा व्यवस्था भए बमोजिम स्थानीय तहका एकल अधिकार र अनुसूची ९ बमोजिमको संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचि , स्थानीय सरकार संचालन ऐन २०७४, राजश्व परामर्श समितिको प्रतिवेदन, स्रोत तथा बजेट सीमा निर्धारण समितिको स्रोत अनुमान र सहभागीतामूलक योजना तर्जुमाका ७ वटै चरणहरु अन्तरगतका प्रक्रिया पुरा गरी स्थानीय

तहको योजना तर्जूमा सम्बन्धी दिग्दर्शन, २०७४, बस्ती एबं टोलस्तरमा योजना तर्जुमा प्रक्रिया, स्थानीय तहको बार्षिक योजना र बजेट तर्जुमा अबलबन गरि संघिय र प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनलाई पूर्णतः पालन गर्दै योजना तर्जुमा गरिएको छ । यसका साथै वडा समितिहरु, बिषयगत समिति, टोल विकास संस्था, युवाक्लब, बालक्लब, लक्षित वर्ग लगायतको भेला, र स्थानीय सरकारको कार्यपालिकामा घनिभूत छलफलका आधारमा निम्न नीति तथा कार्यक्रम पेश गरेको छु ।

**बार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिईएका आधारहरु :**

- नेपालको संविधान, २०७२ बमोजिम स्थानीय तहका अधिकारहरु, मौलिक हक, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- १५ औं आवधिक योजना २०७६/०७७-२०८०/०८१,
- दिगो विकासका लक्ष्यहरु सन् २०१६-२०३०,
- संघिय र प्रदेश सरकारको वार्षिक नीति कार्यक्रम तथा बजेट २०७७/०७८,
- स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था,
- बस्ती तथा टोल भेला, सरोकारवाहरुसँगको छलफलबाट प्राप्त सुझावहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझाबहरु,
- मंगलसेन नगर कार्यपालिकाबाट निर्माण गरेका ऐन, नियम, दिग्दर्शन तथा नियमावली, र कार्यबिधि २०७४ र २०७५
- नगरकार्यपालिकाले योजना तर्जुमाका लागि तोकेका आधारहरु ।
- कोभीड १९ को सामना गर्न प्रदेश तथा संघबाट प्राप्त निर्देशिकाहरु ।

**नगर सभाका सभासद्ज्यूहरु,**
**अब म,**
मंगलसेन नगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**"आफ्नो जग्गा आफ्नो बारी, बाँझो नराखी बनाऔं हरियाली"** भन्ने मुल नारालाइ साकार पार्न मंगलसेन नगरपालिकाले जनताका आधारभुत आवश्यक्ता परिपुर्ति गर्दै लैजाने निति अनूरुप क्षेत्रगत र समिष्टगत बार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**(१) आर्थिक विकास**

- कृषि पेशालाई सम्मानीत पेशाका रुपमा विकास गर्न मेयर उत्कृष्ठ किसान सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- व्याबसायिक खेती प्रणालीलाई प्रोत्साहन गरिने छ, साथै उक्त कार्यका लागि कृषक, फर्म, समुह सहकारीहरुलाई निशुल्क प्राबिधिक सेवा प्रदान गरिने छ ।
- हरेक वडामा नमुना कृषक समुह बनाई कृषि सेवा प्रबाह गरिनुका साथै स्थानिय उत्पादित तरकारीको उपभोगलाई प्रोत्साहन गरिने छ ।
- कम्तिमा पनि ३ रोपनी वा सो भन्दा बढी क्षेत्रमा तरकारी खेती गरि कृषि उपज बस्तु बिक्रि बितरण गर्ने कृषकलाई प्रोत्साहन स्वरुप अनुदानका लागि बजेट बिनियोजन गरिने छ ।
- नगरवासीहरुको पोषणमा सुधारको लागि **"एक घर एक करेसावारी, बाह्रै महिना तरकारी"** भन्ने अभियान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- मंगलसेन बजार क्षेत्रबाट टाढा रहेका कृषकहरुको उत्पादित तरकारी संकलन र बिक्रि बितरणमा सहजताका लागि नगर क्षेत्र भित्र ४ वटा संकलन केन्द्र स्थापना गरिनेछ ।

- आधुनिक कृषि व्याबसायको लागि कृषि ज्ञान केन्द्र र केन्द्रीय निकायको समन्वय र सहकार्यमा कृषि सामाग्री/औजार, मलवीउ र अन्य आवश्यक कृषि सामग्री सहज उपलब्धताका लागि कृषि सहकारी मार्फत कार्य संचालन पहलमा जोड दिईने छ।
- अर्गानिक कृषि उत्पादनको लागि प्राङ्गारिक मल उत्पादन र प्रयोगमा जोड दिई जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरिने छ।
- लोपउन्मुख रैथाने जातका बालीको विकास र बिस्तार गरि पोषण तथा खाद्य सुरक्षामा टेवा पुर्‍याउने र सामुदायीक बिद्यालयमा दिवा खाजाको रुपमा समेत प्रयोगमा ल्याउन पहल गरिने छ।
- कोभिड-१९ का कारण स्वदेसियका बिपन्न यूवाहरुलाई तरकारी खेतीमा आकर्षित गरि स्वरोजगार बनाउन बिषेश कृषि अनुदानका कार्यक्रम संचालन गरिने छ।
- कृषि बालिको जोखिम न्यूनीकरण गरि उत्पादीत बाली तथा बस्तुको लगानी सुनिश्चितका लागि बाली बिमालाई प्रोत्साहन गरिने छ।
- बाझो जग्गामा सामुहिक खेती गर्ने कृषकहरुलाई विउ तथा बिरुवामा बिषेश अनुदानको व्याबस्था गरिने छ।
- लसुन, प्याज र बेसार (मसलाजन्य उपभोग्य वस्तु) मा आत्मनिर्भर नगर बनाउन २ रोपनी बढी जग्गामा खेती गर्ने किसानलाई विशेष अनुदानको ब्यवस्था गरिनेछ ।
- एक गाउ एक प्राबिधिक कार्यक्रमलाई निरन्तरता दिईने छ।
- कृषि क्षेत्रसंग सम्वन्धित तथ्यांक संकलन र अभिलेखीकरण गरिनेछ ।
- किसान कर्जा सहजीकरणका लागि आवश्यक समन्वय तथा सहयोग गरिनेछ ।
- व्यवसायिक पशुपालनको लागि व्यवसायी फर्म सुदृढीकरण गर्न आवश्यक पर्ने अनुदान सहयोग उपलब्ध गराईनेछ ।
- नगरपालिकामा किसानको आफ्नो फर्म दर्ता तथा अभिलेखीकरण गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।
- मंगलसेन नगरपालिकाको वडा नं. ४, ९ र १० को कैलाशखोला आसपास क्षेत्रलाई आँप, अम्वा तथा केरा खेती पकेट क्षेत्रका रुपमा स्थापीत गरिनेछ ।
- मंगलसेन नगरपालिकाको वडा नं. १, २, ३, ५, १३ र १४ लाई बाख्रापालन पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।
- मंगलसेन नगरपालिकाको वडा नं. ६, ७, ८, ११ र १२ लाई भैसीपालन पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।
- मंगलसेन नगरपालिकाको वडा नं. ११, १२, १ र १४ लाई अमिलो जातका फलफुल पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।
- १४ वटै वडामा व्यावसायिक र वेमौसमी तरकारी खेती गर्ने किसानलाइ विउमा ५० प्रतिशत अनुदान उपलब्ध गराईनेछ ।
- नगरपालिका क्षेत्रमा सिमिको उन्नत विउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।
- नगर क्षेत्रमा रहेको गरिवीको स्थीती मापन गरि गरिबी अन्त्यका लागि नगरले रोजगारीको व्यवस्था र आय आर्जनका लक्षीत कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिई नेपाल सरकारले तय गरेको "**कोही भोकै पर्दैन, भोकले कोही मर्दैन**" भन्ने नारालाई आत्मसाथ गरिने छ ।
- लोपोन्मुख अछामी गाईको संरक्षण र सम्बर्द्धनका लागि सहयोगको व्यवस्था मिलाईनेछ ।
- सिंचित क्षेत्रको विस्तार गर्न साना सिचाई कुलो र पोखरी निर्माण कार्यक्रम संचालन गरिने छ ।

- उत्पादन वृद्धि गर्नका लागि नश्ल सुधार कार्यक्रम संचालन गरिनेछ ।
- सफा स्वच्छ र ताजा मासुको बधशाला निर्माण गरिने व्यवस्था मिलाईनेछ ।
- घरेलु तथा साना उद्योग विकास र प्रवर्द्धनका लागि उद्योग दर्ता, नविकरण शुल्क र करमा विशेष छुट दिई लगानीमैत्री वातावरण बनाईनेछ ।
- "युवाको लक्ष्य, सीप र दक्ष" भन्ने अभियानलाई प्रोत्साहित गर्नका लागी विभिन्न तालिम कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र जडिबुटि सम्भावनाको खोजी गरि जडिबुटि खेतिको विकास गरी प्रशोधन केन्द्रको स्थापनाका लागि सम्वन्धित निकायसँग समन्वय गरीनेछ ।
- घरेलु तथा साना उद्योगको क्षेत्रमा प्रत्येक वडामा उत्पादन हुन सक्ने वस्तु तथा सेवाको सम्भाव्यता अध्ययन गरी एक वडा एक उत्पादन/पहिचानको नीति लिईनेछ ।
- परम्परागत तथा व्यवसायिक सिपमूलक घरेलु उत्पादनलाई प्रवर्द्धन गरिनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।
- नगर क्षेत्रका उद्योग तथा व्यवसायीहरुलाई करको दायरमा ल्याईनेछ ।
- आन्तरिक पर्यटनमा टेवा पुर्याउन मंगलसेन नगरपालिका वडा नं १४ मा रहेको अयारको बण्ड, वडानम्वर ६ को मालिका, ३ को सुरईकोट, १ को जाल्पादेवी मालिका, चित्रे त्रिवेणी, धुम्रलोचनी, कैलाशमुठ, जाजकोट, जुपू कालिका मन्दीर लगायतका क्षेत्रलाई ब्यवस्थित गर्दै आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षक गन्तब्यका रुपमा विकास गरिनेछ ।
- मंगलसेन नगरपालिका क्षेत्रका पर्यटकीय स्थानको पहिचान गरि अभिलेखीकरण गरिनेछ ।
- यस नगर क्षेत्र भित्र संचालित सहकारी संस्थाहरुको अभिलेख व्यवस्थित गरिनेछ र सहकारी संस्थाको साझेदारीमा कार्यक्रम संचालन गरिनेछ।
- एक वडा एक सहकारीको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गरि छरिएर रहेको पुजीलाई एकिकृत गरि उत्पादनमुलक क्षेत्रमा लगानी गरिनेछ ।
- सहकारीहरुको संस्थागत विकास र क्षमता अभिबृद्धिमा जोड दिईनेछ ।
- निष्कृय रुपमा रहेका गरिवी निवारण कोष अन्तरगतका सामुदायीक संस्थालाई पुन परिचालन गरिनेछ ।
- सहकारी मार्फत महिला, गरिब, फरक क्षमता भएका व्यक्ति, भूमीहिन तथा पछाडी पारिएको वर्ग र श्रमिकको जीवनस्तरमा सुधार ल्याउन कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) सामाजिक विकास**

- नगरपालिका भित्र रहेका संस्थागत विद्यालयहरुसँग आवश्यक समन्वय गरी गरिब, जेहेन्दार, पिछडीएका वर्ग, विपन्न, दलित, अपाङ्गता भएका विद्यार्थीहरुलाई छात्रवृती तथा पोशाक र स्टेशनरीको व्यवस्था मिलाईनेछ ।
- विद्यालयहरुको अनुमती, नियमन र अनुगमन तथा मूल्यांकन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- मौजुदा विद्यालयहरुलाई प्राविधिक शिक्षा संचालन गर्नका लागि प्रोत्साहन गरिने तथा प्राविधिक शिक्षा स्थापना र संचालनका लागि सहयोग गर्ने नीति लिईनेछ।
- नगरक्षेत्रका सम्पूर्ण सामुदायिक विध्यालयमा रहेका क्वारेनटाइनहरु होम क्वारेन्टाइनमा रुपान्तरण गर्दै विध्यालय क्रमस शिक्षण सिकाइ योजना स्थलको रुपमा विकास गरिने छ।

- नगरक्षेत्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरी बालमैत्री विद्‍यालयको रुपमा विकास गरिनेछ। नगर भित्रमा सम्पूर्ण सामुदायिक विद्‍यालयहरु मध्ये ४ वटा विद्‍यालयलाई नमूना विद्‍यालय बनाउने नीति अवलम्बन गरिनेछ ।
- नगरभित्र शिक्षा समिति, शिक्षा शाखाको क्षमता विकास गरी व्यवस्थित शिक्षा क्षेत्रको नियमनका लागी आधुनिक संचार प्रविधीको प्रयोग गरिनेछ।
- मंगलसेन नगरपालिका भित्रका विद्‍यालयहरुको गुणस्तर वृद्‍धि गर्न तालिमको व्यवस्था, पुरस्कार र दण्डको नीति सहित आवश्यकता र मापदण्ड बमोजिम विद्‍यालयको नक्शांकनका आधारमा स्थापना र गाभ्ने नीति लिईनेछ।
- सामुदायिक विद्‍यालयहरुको समग्र व्यवस्थापनका लागि विशेष खालका कार्यक्रम संचालन गरिनेछन्।
- "सवैका लागि जीवनोपयोगी शिक्षा " भन्ने नारालाई मूर्तरुप दिन बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछन ।
- "आफु जहाँ आफ्ना तहाँ" कार्यक्रम अन्तर्गत जनप्रतिनिधी, सरकारी तथा गै.स.स.मा कार्यरत कर्मचारीहरुका बालबालिकाहरुलाई सरकारी विद्‍यालयमा पठनपाठन गर्ने गराउने बातावरण सृजना गरिनेछ ।
- सामुदायीक विद्‍यालयमा बालमैत्री शौचालय तथा भवन निर्माण गरि शिक्षण सिकाईलाई प्रभावकारी बनाईनेछ ।
- कक्षा १–३ सम्म मन्टेश्वरी विधिवाट पठनपाठन कार्य पूर्णरुपमा लागु गरिनेछ ।
- विद्‍यार्थी संख्याका आधारमा दरबन्दी अभाव भएका विद्‍यालयहरुमा विशेष अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ र बिद्‍यालय समायोजन तथा शिक्षक समायोजन कार्यलाई अगाडी बढाइनेछ ।
- नगर क्षेत्रभीत्र रहेका उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुलाई प्रविधिमैत्री शिक्षालयका रुपमा विकास गरिनेछ ।
- बालबालिकालाई विद्‍यालय भर्ना अभियान कार्यलाई प्रत्येक बर्ष अभियानको रुपमा अघाडी बढाईनेछ र बिचैमा विद्‍यालय छोड्ने कार्यलाई पहिचान गर्न आवश्यक संयन्त्रको व्यवस्था गरी सो कार्यलाई निरुत्साहित गरिनेछ ।
- सामुदायिक विद्‍यालय खोल्ने, मर्ज गर्ने, कक्षा वृद्‍धि गर्ने कोटा नक्शांकनको आधारमा गरिनेछ । संस्थागत विद्‍यालयको दर्ता, नवीकरण र अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ । नगरका सवै वालवालिकालाई आधारभूत तहसम्म शिक्षा उपलव्ध गराउने राष्ट्रिय नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- निरन्तर शिक्षा जीवन उपयोगी सिकाइ तथा महिला शिक्षामा जोड दिइनेछ ।
- गुणस्तरिय र नतिजामुलक शिक्षा बिकासका लागी नगरस्तरिय शिक्षा नियमन र सञ्चालनका लागी नगरस्तरिय परीक्षा सञ्चालन तथा ब्यवस्थापन गरिनेछ ।
- सामुदायिक विद्‍यालयका माध्यामिक तहमा अध्ययनरत किशोरीहरुको स्वास्थ्य तथा सरसफाईलाई मध्यनजर गर्दै पठन पाठनमा सहयोग पुर्याउन सेनेटरी प्याडको ब्यवस्था गरिनेछ ।
- आधारभूत तहको शिक्षामा स्थानीय भूगोल सम्पदा पहिचान आर्थिक, सामाजिक भाषा सँस्कृति तथा परम्परालाइ सम्वर्द्‍धन र जगेर्ना हुने गरि स्थानीय पाठ्यक्रम तयार गरी लागू गरिनेछ ।
- नगरक्षेत्रका संचालित विद्‍यालयहरुमा खानेपानी तथा सरसफाईको सुनिश्चितताका लागि आवश्यकतामा आधारित अनुदानको व्यवस्था गरिनेछ ।
- सम्पुर्ण बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चित गर्न अनिवार्य निशुल्क शिक्षाका लागी आवश्यकताको आधारमा विध्यालय अनुदानको ब्यवस्था गरिनेछ ।
- नगरक्षेत्र भित्रका प्रारम्भिक बालशिक्षा केन्द्रलाई उचित ब्यवस्थापन गरी नमुना वालविकास केन्द्र सञ्चालन गरिनेछ ।
- नगरक्षेत्र भित्रका सामुदायिक सिकाई केन्द्रको क्षमता बिकास गरिनेछ ।

- नगर क्षेत्र भित्र प्राविधिक शिक्षाको जनशक्ति विकासका लागी छात्रबृति कोषको स्थापना गरिने छ।
- प्रत्येक विद्यालयमा फूलवारी, करेसावारी स्थापना गरी विद्यालयको स्वच्छ वातावरण प्रवर्द्धन गरिनेछ ।
- नगर क्षेत्र भित्र नवप्रवेशी शिक्षकहरुलाई तालिमको व्यवस्था मिलाईनेछ ।
- बाल विकास केन्द्रको भौतिक अवस्था, बालबालिकाको अवस्था अध्ययन र विश्लेषण गरी बाल विकास केन्द्रको पुर्नवितरण गरिने व्यवस्था मिलाईनेछ ।
- नगर भित्रका सामुदायिक विद्यालय मध्ये उत्कृष्ठ नजिता ल्याउने विद्यालयलाई प्रोत्साहन स्वरुप पुरुस्कारको व्यवस्था गर्ने नीति लागु गरिनेछ ।
- विद्यालय व्यवस्थापन समितिलाई विद्यालय प्रति जवाफदेही हुन प्रेरित गरिनेछ ।
- शैक्षिक गुणस्तर सुधारका लागि सिकाई आदान प्रदान गर्न अन्तर विद्यालय भ्रमणको व्यवस्था मिलाईनेछ ।
- स्थानीय शैक्षिक सामाग्री निर्माण गरी शिक्षण सिकाईमा प्रयोग गर्ने शिक्षक र विद्यालयलाई प्रोत्साहन गरिनेछ ।
- विद्यार्थीको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।
- व्यक्तिगत तथा विद्यालयको नियमित सरसफाई गर्ने नीति अपनाईनेछ ।
- HIV पिडित अभिभावक बच्चाहरु र दुबै बाबु आमा गुमाएका बच्चाहरुको शिक्षा तथा भरणपोषणको व्यवस्थाका गर्ने नीति अपनाईनेछ ।
  - माध्यामिक तहका कक्षा दूरशिक्षाको माध्यमबाट सचालन गर्ने ब्यबस्था मिलाइने छ ।
  - सामुदायिक विद्यालय क्षेत्रभीत्र र बाहिर बृहत योनीक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
  - निरन्तर विधार्थी मूल्याङ्कन प्रणालीलाइ माध्यामिक तहसम्म नियमित गर्दै लगिने छ।
  - दौतरी शिक्षा कार्यकर्मलाइ अगाडि बढाइने छ।
  - टोलमा शिक्षक परिचालन गरि शिक्षण गराउने नीति अवलम्बन गरिने छ ।
  - कोरना भाइरस नियन्त्रणका लागि शिक्षक परिचालन गरि जनचेतना अभिबृद्दि गरिने ब्यबस्था मिलाइने छ ।
  - शिक्षकहरुको क्षमता विकासका कार्यक्रम तथा प्रविधिसङ्ग जोड्दै लगिने नीति अवलम्बन गरिने छ।
  - Home School सङ्चालन गर्ने ब्यबस्था मिलाइने नीति अख्तियार गरिने छ ।
  - नगरपालिका भित्रका विद्यालयमा कार्यरत शिक्षकहरुलाई अनुसन्धानमुलक कार्यमा लाग्न प्रेरित गर्नका लागि प्रोत्साहन गरिनेछ ।
  - हरेक वडामा घरेलु तथा लघु उद्यम कार्यक्रम सञ्चालन गर्नका लागि युवा समूह बनाइ कार्य अगाडी बढाईनेछ ।
  - हरेक वडामा युवा प्रतिभा पहिचान र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
  - उत्कृष्ट उद्यम गरिरहेका युवाहरुलाई प्रोत्साहन र सम्मान कार्यक्रम तथा उनीहरुको प्रोफाईल निर्माण गरिनेछ ।
  - नगर प्रमुख खेलकुद प्रतियोगिताहरु, वडा स्तरीय, नगर स्तरिय र अन्तर नगर स्तरीय खेलकुद प्रतियोगिताहरुको आयोजना गरिनेछ ।
  - पुरानो कारागार रहेको स्थानमा बन्दै गरेको खेलमैदानको थप विकास गरी उक्त स्थानमा बहुउद्देश्यीय कर्वडहल निर्माण कार्यलाई तिब्रता दिईनेछ ।
  - हाल महाँमारिका रुपमा फैलिएको कोभीड–१९ को रोकथाम, नियन्त्रण एवं उपचारका लागि क्वारेन्टाईन तथा आईसोलेशन बेडको उचित व्यवस्थापन गरिनेछ ।

- प्रत्येक वडामा वडामा स्वास्थ्य चौकि स्थापना गरी स्वास्थ्य सेवा प्रदान गर्न व्यावस्थालाई निरन्तरता दिईनेछ ।
- खोप सेवा ,पोषण सेवा, सुरक्षित मातृत्व सेवा, परिवार योजना सेवा, वृहत यौनिकता शिक्षा कार्यक्रम रोग नियन्त्रण सेवा लगायत अन्य सेवाहरु विगत वर्ष भैं (साझेदारी संस्थासंग समन्वय गरेर) वा आफै निरन्तर संचालन गरिनेछ ।
- राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अनुसार निदान केन्द्र, नर्सिंग होम तथा स्वस्थ्य संस्थाको क्लिनिक दर्ता, संचालन अनुमति र नियमनको साथै निजि अस्पताल, पोलिक्लिनिक र औषधि पसलहरुलाई विज्ञ टोलि बनाई कानुन बमोजिम अनुगमन र नियमन गरीने छ ।
- जेष्ठ नागरीकको स्वास्थ्य जाँच, दिर्घरोगीहरुको स्वास्थ्य जाँच ,मानसिक रोगीहरुको स्वास्थ्य जाँचको साथै परामर्श सेवा समेत जिल्ला अस्पताल संग समन्वय गरी वडा वडामा निःशुल्क स्वास्थ्य शिविर ( जनता संग डाक्टर कार्यक्रमलाई) निरन्तरता दिईने छ ।
- " एक घर करेसा बारी ,पोषणयुक्त नगरबासी " भन्ने मुल नारालाई सफल बनाउन बहुक्षेत्रिय पोषण योजनालाई निरन्तरता दिई पोषण युक्त नगर बनाईने छ ।
- स्वास्थ्य जीवन शैली ,पोषणयुक्त खाना ,दैनिक शारीरिक व्यायम, आयुर्वेद चिकित्सा र योगा अभ्यास जस्ता स्वस्थ रहने कार्यक्रमलाई कार्यक्रम मार्फत र विद्यालय कार्यक्रम मार्फत प्रवर्द्धन गरिने छ ।
- गुणस्तरीय सेवामा सबैको सहज पहुच हुने गरी प्रभावकारी सेवा उपलब्ध गराउन आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- जन स्वास्थ्यको समस्याको रुपमा रहेका रोगहरुको नियन्त्रण र नियमनको लागी यस अघि नेपाल सरकारबाट संचालित कार्यक्रम (जस्तै क्षय रोग र कुष्ठरोग एच.आई.भी., एड्स आदि) लाई निरन्तरता दिईनेछ ।
- सामाजीक स्वास्थ्य बिमा लाई थप प्रभावकारी बनाईने छ ।
- बालबालिकाको पोषण अधिकार सुनिश्चित गर्न र आमाहरुको स्तनपान गोपनियतालाई कायम राख्न नगर क्षेत्रका सार्वजनिक स्थानमा स्तनपान कक्ष निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- मातृ मृत्यु दरलाई घटाउन र सुरक्षित सुत्केरी सेवा पाउने महिला अधिकार लाई सुनिश्चित गर्न ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरिनुका साथै नगर क्षेत्र भित्रका जोखिममा रहेका गर्भवति महिलाहरुलाई जिल्ला अस्पतालसम्म ल्याउन निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
- मगलसेन नगरपालिका वडा न १३ को बाँडा शहरी स्वास्थ्य क्लिनिकमा वर्थिङ्ग सेन्टरको स्थापना गरीने छ ।
- स्वास्थ्य स्वंयमसेविकाहरुको कामको उच्च मुल्यांकन गर्दै ६० वर्ष उमेर कटेकाहरुलाई सम्मान गरी बिदाई गरिने छ र नयां स्वयम्सेविकाहरुको हकमा SEE उतिर्ण भएका हरुलाई मात्र प्राथमिकता लिने निति लिईने छ । साथै नयाँ भर्ना भएका महिला स्वास्थ्य स्वंय सेविकाहरुलाई आधारभुत तालिमको व्यावस्था गरिने छ ।
- सबै नगरबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रभावकारी र सहज रुपमा पाउनका लागी स्वास्थ्य संस्थालाई आवश्यक औजार उपकरण, खानेपानि, शौचालय, खोप केन्द्र भवन निमार्ण, जनशक्ति व्यावस्थापन गरिदै लगिनेछ ।

- कोभीड १९ को रोकथाम, नियन्त्रण तथा उपचारमा अग्र स्थानमा खटिने स्वास्थ्यकर्मीको मनोबललाई उत्साहित गर्न प्रोत्साहनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- पुर्ण खोप दिगोपनाको सुनिश्चितता प्रत्येक वर्ष र पुर्ण गर्भवति जाच तथा पुर्ण संस्थागत सुत्केरी सेवा वडा क्रमागत रुपमा घोषणा गरीने छ ।
- स्वास्थ्य संस्था मार्फत निःशुल्क रुपमा नियमित दिदै आएका ३५ प्रकारका औषधिहरुको कमि हुन नदिन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- हाल कार्यरत करार तर्फका कर्मचारहरु मध्ये संन्तोषजनक र गुणस्तरीय कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई निरन्तरता दिईने छ र अनिवार्य दायित्वलाई प्राथमिकता दिई मात्र अन्य कार्यक्रम संचालन गरीनेछ ।
- विपद् व्यावस्थापनको लागी RRT/CRRT गठन गरी अग्रिम तयारीका साथ व्यावस्थापन गरिनेछ ।
- कोभिड १९ को नियन्त्रण गर्ने सन्दर्भमा प्राथमिकरणका साथ स्वास्थ्य सुरक्षा सामाग्री र औषधीको लागि ठोस कार्यक्रम बनाई बजेट विनियोजन गरीनेछ ।
- जेष्ठ नागरीक (७० वर्ष भन्दा माथि) का लाई घर बाट जिल्ला अस्पताल सम्म पुरयाउनका लागी निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरीने छ ।
- प्रजनन स्वास्थ्य तथा परिवार योजना सेवालाई सुदृढ गर्नका साथै विद्यालय भित्र र बाहिर समेत बृह यौनिकता शिक्षालाई प्रवर्द्धन गरिनेछ ।
- विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन संघिय तथा प्रादेशिक सरकारसंग समन्वय गरिनेछ ।
- कोभिड-१९ को संक्रमण रहदासम्म नगरक्षेत्रमा खटीने स्वास्थ्यकर्मी, जनप्रतिनिधि र अन्य कर्मचारीहरुलाई स्वास्थ्य सुरक्षा सामग्रीहरुको अभाव नहुने गरि व्यावस्था मिलाईनेछ ।
- "हामी सबैको एउटै रहर, स्वच्छ सफा मंगलसेन नगर" को अभियानलाई सार्थक तुल्याउन सरसफाई सम्बन्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- बृक्षारोपण हरियाली तथा हरित क्षेत्रको विस्तार अभियानलाई निरन्तरता दिईनेछ ।
- प्रत्येक वडाका सडक, खानेपानी, सिचाई, फोहर व्यवस्थापन तथा सम्भारका लागि स्थानीय टोल विकास समितिलाई सक्रिय र जिम्मेवार वनाई पूर्ण सरसफाइ युक्त नगर बनाउने निति लिईने छ ।
- "एक घर एक धारा" अभियान लाई सार्थक तुल्याँउन सबै वडामा खानेपानीका साना ठुला आयोजनाहरु निर्माण, मर्मत सम्भार तथा डिपिआर तयार गरिनेछ ।
- सार्वजनीक स्थानमा अव्यवस्थित रुपमा फालिएका सिसाका बोतलहरुलाई व्यवस्थापन गरिनेछ । साथै सिसा थुपार्ने र जथाभावी फोहरमैला गर्ने जोसुकैलाई कानुनको दायरामा ल्याइनेछ ।
- नगरक्षेत्रमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- नगरक्षेत्र भित्रका खानेपानीका मुल लगाएताका प्राकृतिक सम्पदाहरुलाई संरक्षण र सम्बर्धन गरी सार्वजनिक उपयोग गर्ने र ब्यक्तिगत एकाधिकारलाई निरुत्साहित गरिनेछ ।
- ल्याडफिल साइडलाइ ब्यबस्थित गरिने छ ।
- सदरमुकाम मंगलसेनको बजार क्षेत्रको खानेपानीलाई ब्यवस्थित गरिनेछ ।
- फोहरलाई उचित ब्यवस्थापन गर्दै पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्ने कार्य अगाडि बढाईनेछ ।
- स्थानिय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारिको प्रत्याभुति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममुलक आयोजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभुति गराइने छ।

- दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रवर्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ।
- संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैह्रसहकारी क्षेत्र संग समन्वय र सहकार्यमा जोड दिइनेछ।
- पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारलाई कम्तिमा ५०% श्रमिकलाई संचालित आयोजनामा परिचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिक आधारित सामुदायिक आयोजना संचालनलाई थप शसक्त रुपमा कार्यान्वयन गरिनेछ ।
- कोभीड १९ को कारण भारत लगायत अन्य तेश्रो मुलुकबाट रोजगार गुमाई फर्किएका युवाहरुलाई पालिका स्तरिय आयोजनाहरुमा परिचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ ।
- कामका लागि पारिश्रमिकमा र कामका लागि खाद्यान्न सामुदायिक आयोजनाहरुमा सरोकारवालाहरु संग साझेदारीका लागि पहल गरिनेछ।

- स्थानीय जात्रा तथा साँस्कृतिक पर्वहरुको उचित व्यवस्थापनको लागि आवश्यक कोषको व्यवस्था गरी नियमित रुपमा संचालन हुने व्यवस्था मिलाईनेछ ।
- मंगलसेन नगरपालिका क्षेत्रभित्र मनाईने कला, सँस्कृति र स्थानीय चाँडपर्वलाई समयानुकुल व्यवस्थित रुपमा प्रवर्द्धन गर्दै विकास र संरक्षण गरिनेछ ।
- जिमराडी धर्मशाला जिर्णोद्दार गरी त्यसको संरक्षणको व्यावस्था मिलाइनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाको नियमानुसार संरक्षण गर्ने नीतिलाई निरन्तरता दिईने छ ।(जस्तो मन्दिर, माडु, गुठी, खुल्ला चौरहरु आदि)
- पछाडि पारिएका विपन्न महिला, दलित, अल्पसंख्यक र लक्षित वर्गलाई सशक्तिकरण गर्दै आत्मनिर्भर बनाउन सिपमूलक आयमूलक कार्यक्रमहरु संचालन गरीने छ ।
- बाल विवाह कुप्रथा न्यूनीकरणका लागि बालक्लबहरुलाई सिर्जनात्मक क्रियाकलाप उन्मुख गराउँदै सक्रिय बनाईनेछ ।
- अनाथ, टुहुरा, अपागंता भएका बालबालिकाहरुको आधारभूत अधिकारलाई संरक्षणलाई सुनिश्चित गरिनेछ ।
- बालमैत्री नगर घोषणा गर्नको लागि विशेष कार्यक्रम संचालन गरीने छ ।
- ज्येष्ठ नागरीक सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- लैगिंक हिंसा निवारण कोष स्थापना गरी संचालन गरिने छ ।
- लैगिंक हिंसा मूक्त नगर घोषणाका लागि कार्यक्रमहरु संचालन गरिने छ ।
- छाउपडी गोठको नियमित अनुगमन तथा व्यवस्थापन गरीने छ ।
- क्वारेन्टाईन तथा आईसोलेशनमा हुन सक्ने महिला हिंसालाई न्यूनिकरण गर्न सचेतना तथा परामर्शमूलक कार्यक्रम संचालन गरिनेछ ।
- नगर भित्र रहेका बालबालिका, एकल महिला, जेष्ठ नागरिक तथा विपन्न वर्गको अभिलेख राखी सामाजिक सुरक्षाका कार्यक्रम अगाढी बढाईनेछ ।
- एकल तथा विपन्न महिलाहरुलाई जिवीकोपार्जनमा सहजीकरण गरी आत्मनिर्भर बनाउन कृषिमा आधारित कार्यक्रम संचालन गरिनेछ ।
- महिला समुहलाई व्यवसायिक खेतीमा आकर्षण गर्न टिमुर, केरा पकेट क्षेत्र तोकी कार्यक्रम संचालन गरिनेछ ।
- हिंसापिडति महिलाहरुका लागि वडा स्तरमा मनोविमर्स कार्यक्रम सञ्चालन गरिनेछ ।

- सुरक्षीत आवासगृह ब्यावस्थापन र सुदृढकिरण गरीनेछ ।

## ३) पूर्वाधार विकास

- सेती लोकमार्ग जोड्ने चित्रे-दय-ढल्ले-रामारोशन पर्यटकीय मार्गको निर्माण कार्यलाई निरन्तरता दिईनुका साथै चित्रे-मंगलसेन-ओलीगाउँ-कालागाउँ सडक, ठूलासैन-सैनखेत स्तरन्नोती, सुवाँखाँद-खेतगैरा, जिलेमार्या, कैलाशखोला-ठाटीखाँद, स्तरोन्नती गर्न प्रदेश तथा संघिय सरकारसँगको साझेदारीतालाई अगाडी बढाईनेछ ।
- मंगलसेन-सुवाखाँद-वस्ती लोणेघाट सडक लाई पर्यटकीय मार्गको रुपमा विकास गरिनेछ ।र बाह्रै महिना यातायात सञ्चालन हुने सडकको रुपमा विकास गरिनेछ ।
- नगरकेन्द्रबाट सबै वडाकेन्द्रमा पुगेका सडकको स्तरोन्नती गरि बाह्रै महिना सडक संचालन गर्ने ब्यावस्था मिलाईनेछ यसका लागी सडक मर्मत सम्भार समुह परिचालन कार्यलाइ निरन्तरता दिइनेछ।
- नागरिकको सहज यातायात पहुँचका लागि नगरवस सञ्चालनको लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ।
- नगरका सबै वडा तथा टोलहरुमा विधुत र सञ्चार विस्तार कार्यलाई निरन्तरता दिईनेछ ।
- जनसहभागितामा आधारित विकास प्रक्रियाका लागि कम्तीमा ४० प्रतिशत जनसहभागिता रकम जम्मा गरी विकास गर्न चाहने उपभोक्ता तथा संस्थाहरुलाई ध्यानमा राखी सो अनुरुप समपुरक कोषबाट व्यवस्थापन गरिनेछ ।
- नगरक्षेत्र भित्रका सडक र पुलका पूर्वाधार निर्माण गर्दा नगरस्तरीय, प्रदेश र संघ स्तरीय योजना छनौट गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।
- सानातिना भैपरीआउने पूर्वाधार निर्माण गर्नका लागि पूँजीगत बजेटबाट मर्मतसम्भार कोषमा रकम बिनियोजित गरिनेछ ।
- मंगलसेन नगरको खेतीयोग्य जमिनमा सिचाई सुविधाका लागि सम्भाव्यता र लागत लाभका आधारमा सिचाई कुलो निर्माणको ब्यावस्था मिलाईने छ ।
- "एक टोल एक सिंचाइ पोखरी, कृर्षिमा आत्मनिर्भर र रोजगारी" कार्यक्रमको थालनी गरिने छ ।
- मुहान र कुलोबाट सिचाई गर्न सम्भव नभएका खेतीयोग्य जमिनमा सिचाई सुविधा पुर्याउन लिफ्ट सिचाईको अवधारणा साझेदारी कार्यक्रम मार्फत अगाडी बढाईनेछ ।
- मंगलसेनमा कम्तिमा ५ सय देखी १ हजार जना अट्ने आधुनीक सभाहल निर्माणको लागी प्रदेश र सघिय सरकारसंग समन्वय गरी प्रक्रिया अगाडी बढाईनेछ ।
  - वडा कार्यालयको भवन नभएको सवै वडाकेन्द्रमा जग्गा प्राप्तिका आधारमा क्रमश: वडा कार्यालयको भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
  - कैलाशखोलाबाट लिफ्टको माध्यमबाट खानेपानी आपूर्ति गरी मंगलसेन बजार लगायत नगरका अन्य क्षेत्रमा खानेपानीको सहज आपूर्तिको लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।
- मगलसेन नगरक्षेत्रमा सहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२, राष्ट्रीय भवन संहिता र नगरपालिको भवन मापदण्ड २०७५ पालना गरि आवासीय, व्यापारी, सरकारी तथा गैरसरकारी संस्थाका भवन निर्माण गर्दा मापदण्डलाई प्रभावकारी रुपमा लागु गरिने छ ।
- नगर भित्र संचालित योजना तथा कार्यक्रमहरुको प्रभावकारीता एवं गुणस्तरियताका लागि अनुगमन तथा मूल्याकन कार्यलाइ सशक्त बनाईनेछ ।
- निजि क्षेत्रसँग सहकार्य गरि पार्किङ स्थलहरु निर्माण गर्न आबश्यक सहयोग उपलब्ध गराउने नीति लिइनेछ ।
- सार्बजनिक र निजी जग्गा अतिक्रमणको अभिलेखाकंन गर्दै त्यस्ता क्षेत्रमा बनाइएका संरचना हटाउने र नियमानुसार अधिकरण गर्ने कार्य अगाडी बढाइनेछ ।

- तत्कालिन द्वन्दका क्रममा कार्यालय ध्वस्त भए पश्चात सार्वजनिक स्थानमा पुर्ननिर्माण भई संचालनमा आईसकेका सरकारी कार्यालयहरुको साविकको कार्यालयको जग्गालाई नगरपालिकाको स्वामित्वमा ल्याउन सम्बन्धित निकायमा पहल गरिनेछ ।
- उज्यालो नगर निर्माणको लागि बजार क्षेत्रको चोक गल्ली तथा १४ वटै वडाका मुख्य बजार क्षेत्र र सार्वजनिक स्थानमा क्रमशः सौर्य सडक बत्ती जडान कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरपालिका क्षेत्रमा विद्युत नपुगेका दुर्गम स्थानहरुमा बैकल्पिक उर्जा मार्फत विद्युत विस्तारको कार्य अघाडी बढाईने छ ।
- मंगलसेन नगर क्षेत्रमा रहेका विद्युतीय छापा र अनलाईनका संचार माध्यमहरुको विकास प्रवद्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिने छ ।
- नगर क्षेत्रमा रहेका सार्वजनिक स्थानहरुलाइ सूचनामैत्री व्यवस्था गरिने छ ।
- डिजिटल सूचना बोर्डलाई थप प्रभावकारी बनाउन पहल गरिनेछ ।
- मंगलसेन नगरपालिकाको प्रवेशद्वार कैलाशखोला, ठाटीखाँद बजारमा डिजिटल स्वागत गेटको निर्माण गरिने व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाको केन्द्रमा सामुदायिक सूचना केन्द्रको स्थापना गरिनेछ ।

**(४) वातावरण तथा विपद् व्यवस्थापन**

- सफा र हरियाली नगरपालिका निर्माणका लागि हरित सडक निर्माण, अम्रिसो, डालेघांस, बाँस, निगालो रोपण अभियान सहित विभिन्न प्रजातीका विरुवाको बृक्षारोपण गरी वन जंगल संरक्षण गर्ने नीतिलाई आत्मसाथ गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्याङ्कन अवलम्वन गर्दै लगिनेछ।
- एक व्यक्ति एक फलफूलको बिरुवा अभियानलाई सार्थक तुल्याउन आवश्यक व्यवस्था मिलाईनेछ ।
- सामुदायिक, निजी, धार्मिक र कवुलियति बनलाई अभिलेखीकरण गरि कानून र मापदण्ड बमोजीम ब्यवस्थित गरिने छ ।
- नगर क्षेत्रमा भौतिक पूर्वाधार लगायतका निर्माण कार्यबाट संकटग्रस्त वनेका पानीका मुहान, ताल तलैया अदिको संरक्षण गरिनेछ ।
- वातावरण संरक्षणका लागी जलबायू परिवर्तन अनुकुलन कार्यक्रम र वन तथा वातावरण संरक्षण कार्यक्रम संचालन गरिनेछ ।
- मंगलसेन बजार सहित हालका बजारहरुलाई क्रमश: सुधार गरी मापदण्ड बमोजिम सडक, ढल तथा नाला र खानेपानीका पाईपहरुलाई व्यवस्थित गरिनेछ ।
- बाढी र पहिरोबाट धन जनको क्षति हुने क्षेत्रको पहिचान गरि क्षतिको न्यूनिकरणका कार्यहरु संचालन गरिने छ ।
- नगरक्षेत्रभित्र हुने बाढी, पहिरो, आगलागी, चट्याङ्ग, भूकम्प, असिना, सुक्खाखडेरी जस्ता प्राकृतिक विपती र अन्य कृतिम विपत्तीबाट उद्धार गरी तुरुन्त राहत कार्य गर्न नगरपालिका, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाईटी, नेपाली सेनासँग समन्वय गरी तुरुन्त उद्धार, प्राथमिक राहत र दीर्घकालिन योजना बनाउन नगरस्तरीय विपद व्यवस्थापन योजना तर्जुमा गरिनेछ।
- नगरपालिकाको मौजुदा बारुणयन्त्रलाई मंगलसेन नगरपालिकाबाटै संचालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- कोभीड १९ तथा अन्य प्राकृतिक विपदबाट सिर्जित अवस्थालाई सहजीकरण राहत उद्दार र पुर्नस्थापन गर्न विपद ब्यबस्थापन कोषमा प्रयाप्त रकम विनियोजन तथा विपद कोष संचालन कार्यविधी बनाइ कोषलाइ प्रभावकारी ढंगवाट परिचालन गरिने छ ।

**(५) संस्थागत विकास, सेवा प्रबाह र सुशासन**

- नगरपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा Chain of Command, सेवाग्राहीप्रति उत्तरदायी र निर्माण गरीएको कर्मचारी आचारसंहिता कडाइका साथ लागु गरिनेछ ।
- नागरिकहरुलाई सेवाप्रवाह तथा सेवाशुल्कबारे सरल र सहज रुपमा सुसूचित गर्न सेवा वडापत्रलाई डिजिटलाईज गरिनेछ ।
- पदिय आँचरण र मर्यादा कायम गर्न कर्मचारी आचार संहितालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
- नगरबाट प्रवाह हुने सार्वजनिक सेवालाई जनमैत्री तथा सेवाग्राहीमैत्री बनाउन मुस्कान सहितको सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।
- सवै वडा कार्यालयहरुमा स्थापना गरिएको सुचना वोर्ड सुझाव पेटीका उजुरी पेटीका र नागरिक सुचना वोर्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाका गतिविधि नगरवासीमा पुर्याउन स्थानिय राजपत्र तथा नगर वुलेटीनको नियमित प्रकाशनमा जोड दिईनेछ ।
- कर्मचारीहरुलाई कार्यसम्पादन मुल्याङ्कनको आधारमा दण्ड सजाय तथा पुरुस्कारको व्यवस्था गरीनेछ ।
- सवै वडामा ईन्टरनेट जडान गरी सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन जोड दिईनेछ ।
- सेवाप्रवाहलाई चुस्त, दुरुस्त, प्रविधिमैत्री तथा गुणस्तरिय बनाउन कर्मचारीको क्षमता विकास गरिनेछ ।
- नगरपालिकाका शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनी गरिनेछ।
- नगरक्षेत्रका दुर्गम बस्तीमा सम्बन्धित निकायसंग समन्वय गरि एकिकृत नगर घुम्ती सेवा मार्फत सहज सेवा प्रवाह गरिनेछ ।
- Covid-19 को कारण अर्थतन्त्रमा परेको नकरात्मक प्रभावलाई मध्यनजर गर्दै न्युनतम प्रशासनिक खर्चको लागि आवश्यक वजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्यायी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्वन गरीनेछ ।
- सरकारी एवं गैरसरकारी क्षेत्रबाट नगरक्षेत्रमा संचालन गरिएका योजना तथा कार्यक्रमहरुको प्रभावकारी रुपमा संचालनका लागि नतिजामुखी अनुगमन मूल्याङ्कन प्रणाली विकास गरिनेछ ।
- नगरपालिका कार्यालय तथा अन्य स्थानमा जडान गरिएका CCTV CAMERA लाई संरक्षण गर्दै नगरपालिकाका अन्य जोखिम स्थानमा CCTV CAMERA जडान कार्यलाई निरन्तरता दिईनेछ ।
- "ज्यानको सुरक्षा, धनको रक्षा" अभियान मार्फत मदिरा र सुर्तीजन्य पदार्थको व्वस्थापन र नियमन गरिनेछ ।
- नगर क्षेत्रको शान्ति सुरक्षालाई ब्यवस्थित गर्न वडानम्वर १२, १३ र १४ मा वडा प्रहरी चौकीको स्थापनाका लागी पहल गरिनेछ ।
- न्यायिक समितिबाट सम्पादन हुने कार्यलाई छिटो, छरितो, र प्रभावकारी बनाउन समितिको क्षमता अभिबृद्धिको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- मेलमिलाप सहजकर्तालाई नगरपालिकामा सूचिकृत गरिने छ ।
- न्यायिक समितिमा परेका उजुरीलाई सकेसम्म मेलमिलापको माध्यमबाट निरुपण गर्ने नीति लिईनेछ ।
- छुट्टै ईजलास कक्षको व्यवस्था गरि न्याय सम्पादनलाई प्रवाकारी वनाउनमा जोड दिईनेछ ।
- लेखा समितिका काम कारवाहीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- न्याय समितिमा आवश्यक पर्ने भौतिक पूर्वाधार र कानूनी पुस्तकहरुको व्यवस्थापन गरिनेछ ।

- नगरबाट सम्पादित कामकारवाहीलाई पारदर्शी र पहुँचयोग्य बनाउन स्थानीय तथा राष्ट्रिय सञ्चार माध्यय, वेवसाईट, ईमेल, नेटवर्कीङ्क, सामाजिक सञ्जाल जस्ता विद्युतिय संचार माध्यमको प्रयोगमा जोड दिईनेछ ।
- सूचनाको हकको पुर्ण रुपमा कार्यान्वयन गर्ने आवश्यक ब्यवस्था मिलाईने छ ।
- नगरपालिकामा नगर सुचना केन्द्र तथा अभिलेख केन्द्रको स्थापना गरीनेछ । र खोजमुलक पत्रकारितालाई प्रवर्द्धन गर्ने विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- यस नगरपालिका क्षेत्रभित्र मनोरञ्नात्मक पार्क, उद्यान, पुस्तकालय, फोहरमैला व्यवस्थापन, हाटवजार संचालन जस्ता कार्यका लागि सार्वजनिक नीजी साझेदारी मोडलमा काम गर्ने परिपाटीको विकास गरिनेछ । यसका लागि उद्योग बाणिज्य संघ लगायत अन्य सरोकारवाला निकायसँग सहकार्य गरिनेछ।

**(६) पञ्जिकरण, तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन**

- [illegible]
- [illegible]क्ति[illegible] अपनाई सबैको पहुँचयोग्य बनाईनेछ ।
- वडा स्तरमा व्यक्तिगत घटना दर्ता शिविर संचालन गरि अभिलेखीकरण कार्यलाई प्रभावकारी बनाईनेछ ।
- सुरक्षा भत्ता पूर्णरुपमा बैंकिङ प्रणालिबाट वितरण गरिने छ ।
- अनलाईन प्रणालीमा व्यक्तिगत घटना दर्ता गर्नका लागि पंजिकाधिकारीहरुलाई सामाजिक तालिमको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि पूर्वाधार विकास र अभिलेख प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- मंगलसेन नगरपालिकाको आवधिक योजना निर्माण गर्न आवश्यक तथ्यंक सकलन गरि अभिलेखीकरण गरिनेछ ।
- यस नगरभित्रको सम्पुर्ण गतिविधिको आवश्यक तथ्याङ्क संकलन गरी सोहि वमोजिमका कार्यक्रम संचालनको लागी सहकारी तथा निजि क्षेत्र संगको त्रिकोणात्मक साझेदारीको नीति अवलम्वन गरीनेछ ।
- घर जग्गा अभिलेखीकरण र नक्सा पास गर्ने कार्यलाई सवै बडाहरुमा विस्तार गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई दैनिक कार्य सम्पादनमा सहजता ल्याउन आवश्यक तालिम तथा अवलोकन भ्रमणको प्रवन्ध गरिनेछ ।
- मंगलसेन नगरका गौरबका ठुला आयोजनाहरुको संभाब्यता अध्ययन र लागत अनुमान तयार गरि नगरपालिकाको स्रोतले धान्ने आयोजना नगरपालिका आफैले कार्यान्वयन गर्ने र नगरपालिकाको स्रोतले धान्न नसक्ने आयोजना प्रदेश सरकार र केन्द्र सरकार संगको साझेदारीमा संचालन गरिने छ ।
- नगरपालिकाको पर्यटन, पुर्वाधार विकास, जलवायू संरक्षण, कृर्षि तथा पशु व्यवसाय र जोखिम सम्भावित क्षेत्रको अध्ययन गरी सो को व्यवस्थापन गर्न आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा जोड दिईनेछ ।

**(७.) वित्तिय व्यवस्थापन र सुशासन**

- गत आ.व.को बेरुजु नियमित गर्नुपर्ने नियमित गरी असुल उपर गर्नुपर्ने खालका बेरुजुहरु सम्बन्धित व्यक्ति तथा संघ संस्थासँग नियमानुसार असुल उपर गरी बेरुजु शून्य सहनशिलताको नीति कार्यान्वयन गरिनेछ ।
- मैले तिरेको कर मेरै नगर विकासका लागि भन्ने आम करदाताहरुलाई महशुस हुने गरी सेवा प्रवाह गरिनेछ । करको दायरमा नआएका करदाताहरुलाई करको दायरामा ल्याउने अभियान संचालन गरिनेछ ।
- नियमित करदाताको तथ्याङ्क संकलन गरी अभिलेखिकरण गरीनेछ ।

- करदातालाई प्रोत्साहन गर्न निश्चित समयमा आवश्यक छुट तथा सवैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- घरवाहल करबाट प्राप्त हुने आन्तरिक आयको सिमा बढाउन नगरपालिका क्षेत्रभित्र बहाल रहेको घरको लागत संकलन गरी नियमन गर्ने नीति लिईनेछ ।
- व्यवशायकरको दायरामा नसमेटीएका व्यवशायलाई करको दायरामा ल्याउन उद्योग वाणिज्य संघ संग समन्वय गरि नगरक्षेत्र भित्र दर्ता पक्रियामा नआएका व्यावसायलाई दर्ता गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरपालिका क्षेत्रमा नयाँ निर्माण हुन लागेका तथा भईरहेका घरहरु नक्सापास गर्न र पुराना भौतिक संरचनाहरुको अभिलेखिकरण गरी नक्सापास प्रक्रिया संलग्न गराउन आवश्यक नियमन गर्ने नीति लिईनेछ ।
- कर संकलन कार्यलाई प्रभाकारी बनाउन तथा राजस्व चुहावटलाई रोक्नको लागि सवै वडामा कर संकलनको लागि आधुनिक प्रविधिको प्रयोगमा जोड दिईनेछ ।
- प्राकृतिक स्रोत साधनबाट प्राप्त हुने राजस्वलाई करको दायरामा ल्याउन सरोकारवाला संग निरन्तर समन्वय तथा सहकार्य गर्ने नीति लिईनेछ ।
- नियमित रुपमा सार्वजनिक सुनुवाईको आयोजना गर्ने र जनगुनासोको यथाशिघ्र सम्वोधन गर्ने व्यवस्था मिलाईनेछ ।
- आर्थिक बर्ष २०७७।०७८ बाट आर्थिक दायित्व भुक्तानी चेकको माध्यमबाट नगरी सम्बन्धित पक्षको बैंक खाताबाट नै कारोबारो गर्ने व्यवस्था मिलाईनेछ ।
- आन्तरीक आय वृद्धि गर्नका लागि राजश्व र करका बिभिन्न क्षेत्रहरुको पहिचान गरिनेछ।
- फोहरमैला व्यवस्थापन बापत मंगलसेन नगरपालिकाको वडा नं. ५ को बजारक्षेत्रका प्रत्येक घरधुरी, संघसंस्था, कार्यालय, व्यापारिक पसललाई सरसफाई शुल्क लगाईनेछ।
- टेलिफोन टावर, केवल लाईन र होडिङबोर्डमा प्रशारण हुने विज्ञापनमा कर लाई निरन्तरता दिईएको छ ।
- लेखा, राजश्व र जिन्सी शाखालाई आधुनिकीकरण गर्दै सुदृढ र व्यवस्थित गर्दै लगिनेछ ।

**नगर सभाका सभासद्ज्यूहरु,**

नगर सभामा प्रस्तुत गरिएको नीति तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी बढाउन नगरपालिका कार्यालय प्रतिवद्ध भएको व्यहोरा अनुरोध गर्न चाहान्छु । सिमित श्रोतको उपलब्धताका कारण नगरवाँसिहरुको अपेक्षा अनुरुप पूर्ण रुपमा सम्बोधन गर्न नसकिएता पनि क्रमिक रुपमा सम्बोधन गर्दै जान सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरी नगरपालिका अगाडी बढ्दै जानेछ ।

**नगर सभाका सभासद्ज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रमको पूर्ण विवरण सबैले अध्ययन गर्ने गरी अविलम्ब यस नगरपालिकाको वेवपेजमा अपलोड गरिनेछ । साथै नीति तथा कार्यक्रमको पूर्ण विवरण, नगर विकास योजना तर्जुमाका प्रस्तुत आधार तथा लिईएको नीतिहरुको विस्तारित खाका समेटिएको बार्षिक नगर विकास योजना पुस्तक यथाशिघ्र यहाँहरु समक्ष उपलब्ध गराईने व्यहोरा अनुरोध गर्दछु ।

आदरणीय नगरवासी दाजुभाई तथा दिदिबहिनीहरु, यस नगरले अव गुनासो गर्ने होईन उज्वल भविश्य देख्ने र उत्साहका साथ अगाडी बढ्ने समय आएको छ । हामी जुनसुकै राजनैतिक आस्थाको भएपनि नगरको विकास र यहाँको सम्बृद्धिको हकमा यो नगरसभामा कोही पक्ष र प्रतिपक्ष छैन । आजको यस नगरसभाबाट मंगलसेन नगरलाई हामी अछामकै नमूना नगर बनाउने साझा संकल्पमा जुटौं । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण नगरवासीहरुलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिवद्ध नेतृत्व प्रदान गरौं । साथै मंगलसेन

नगरपालिकाले अघि सारेका प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, गैर सरकारी क्षेत्र, नीजि क्षेत्र, नगरका कर्मचारीहरु र तमाम नगरवासीहरुमा हार्दिक अपिल गर्दछु ।

**नगर सभाका सभासद्ज्यूहरु,**

बार्षिक नीति तथा कार्यक्रम तयार गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने कार्यपालिका सदस्यज्यूहरू, शिक्षक, बुद्धिजिवीलाई विशेष धन्यवाद दिन चाहन्छु । यस नगरसभा सम्पन्न गर्ने अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु । यस प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने र हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**अन्त्यमा,**

यस नगरको नीति तथा कार्यक्रम निर्माण गर्ने कार्यमा औपचारिक तथा अनौपचारिक रुपमा आफ्ना अमुल सुझाव एवं सल्लाह प्रदान गर्नुहुने राजनैतिक दलका, सम्पूर्ण कार्यालय प्रमुखज्यूहरू, सरकारी, निजी र गैरसरकारी क्षेत्रका व्यक्तित्वज्यूहरु, पत्रकारज्यूहरु लगायत नगरपालिका कार्यालयका सम्पूर्ण कर्मचारीहरुप्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रूपमा लिएर मंगलसेन नगरपालिका अघि बढ्ने विश्वास दिलाउदै प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको सहयोग निरन्तर रहने अपेक्षा गरेको छु ।

धन्यवाद ।

**मंगलबार १० आषाढ २०७७**

.......................

पदम बहादुर बोहरा
नगर प्रमुख